bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं ।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं ।
- विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं ।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ४१ अंक १३१ | २०७९ भदौ २८ गते मंगलबार, नेपाल सम्वत् ११४२ September 13, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**सडक टेवा पर्खाल :** पृथ्वीराजमार्गको डुम्रे-छिर्कने सडक खण्डमा सडक चौडा बनाउन टेवा पर्खाल लगाइदै । राजमार्ग विस्तार योजना अन्तरगत पूर्वीखण्डको आँवुखैरेनी-जामुने सडक खण्डलाई चारलेनको बनाउने भित्तो कटान, टेवा पर्खाल निर्माण लगायतका कार्यलाई तीब्रता दिइएको छ ।
*तस्विर : निशा थापा मगर/भञ्ज्याङ*

# देशभर फैलियो डेंगु, सात जनाको मृत्यु

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

साउन महिना यता डेंगु संक्रमणबाट सात जनाको मृत्यु भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)का एक कर्मचारीका अनुसार मृत्यु हुनेमध्ये चार जना डेंगु संक्रमण र तीन जनामा डेंगु सँगै दीर्घरोग रहेकाहरू रहेका छन् । 'अहिलेसम्म डेंगु संक्रमणबाट सात जनाको मृत्यु भएको रिपोर्ट प्राप्त भएको छ', ती कर्मचारीले भने, 'सातमध्ये तीन जनामा डेंगुसँगै अन्य दीर्घरोग पनि छ ।'

मृत्यु भएका निर्सग अस्पतालमा ३५ बर्षीया महिला, कान्ति बाल अस्पतालमा तीन बर्षीया बालिका, नेपाल मेडिसिडी अस्पतालमा ३८ बर्षीया महिला, भेरी अस्पतालमा १२ बर्षीया बालिका रहेका छन् । त्यसैगरी, चितवन मेडिकल कलेजमा २५ बर्षीया महिला, ग्राण्डी र समेरु अस्पतालमा डेंगु संक्रमितको मृत्यु भएको रिपोर्ट प्राप्त भएको छ ।

सरकारी अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या मात्र हेर्दा पनि साउनयता ८ हजार ३२७ जना डेंगुको चपेटामा परेका छन् । हुम्ला र मुस्ताङबाहेक सबै जिल्लामा देखिएको डेंगु




संक्रमणबाट सबैभन्दा बढी काठमाडौं उपत्यकाका जिल्ला बढी प्रभावति छन् । महाशाखाकाको तथ्यांक अनुसार साउनयता सबैभन्दा बढी बागमती प्रदेशमा ६ हजार २०५, लुम्बिनीमा प्रदेशमा १ हजार २८४, प्रदेश १ मा २८२, सुदुरपश्चिम प्रदेशमा २०६ जनामा डेंगु पुष्टि भएको छ । त्यसैगरी, गण्डकीमा १५०, मधेशमा १४४ र कर्णाली प्रदेशमा ५६ जनामा संक्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा पहिलो पटक सन् २००४ मा नेपालमा डेंगुका बिरामी देखिएको थिए । सन् २००४ पछि हरेक वर्ष डेंगुको संक्रमण देखिँदै आएको स्वास्थ्य तथा मन्त्रालयले जनाएको छ । महाशाखाको तथ्यांक अनुसार सन् २००५ मा डेंगु पुष्टि भएको रेकर्ड छैन भने सन् २००६ देखि सन् २०२१ सम्ममा २५ हजार ९६७ जनामा डेंगु पुष्टि भइसकेको छ ।

काठमाडौं उपत्यका सहित सबै जिल्लामा डेंगु देखिन थालेपछि स्वास्थ्य मन्त्रालयले रोकथाम तथा नियन्त्रणका लागि प्रदेश र स्थानीय तहसँग समन्वय र छलफल गरेको जनाएको छ । यस्तै, डेंगु प्रभावित जिल्ला तथा स्थानीय तहहरूमा डेंगुको अनुसन्धान र लार्भा नष्ट तथा सचेतनामूलक गतिविधि सुरू गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

प्राय दिनको समय, विशेष गरी बिहान र बेलुकाको समयमा सक्रिय रहने एडिज जातको लामखुट्टेको टोकाइबाट डेंगु रोग लाग्ने हुनाले, डेंगु संक्रमणको जोखिम कम गर्न कार्यस्थल वरिपरि निरन्तर सफा राख्न विज्ञहरूको सुझाव छ ।

# म्याग्दे गाउँपालिकाले एकीकृत घुम्ति शिविर सञ्चालन गर्ने

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

तनहुँको म्याग्दे गाँउपालिकाले सेवाग्राहीको आवश्यकतालाई सहजिकरण गर्दै सेवालाई प्रभावकारी बनाउन एकीकृत घुम्ति शिविर सञ्चालन गर्ने भएको छ । गाउँपालिकाले असोज २ देखि ३१ गतेसम्म पालिकाका वडावडामा शिविर सञ्चालन गर्ने भएको हो ।

एकीकृत घुम्ति शिविरमा प्राविधिक योजना शाखा अन्तर्गत योजना सम्झौता, सुझाव तथा परामर्श, स्वास्थ्य आयुर्वेद शाखा अन्तर्गत समान्य स्वास्थ्य परीक्षण, उपचार व्यवस्थापन, परामर्श तथा औषधी वितरण, क्षयरोग स्कृनिङ, सुगर परीक्षण, पोषण सेवा, भिआईए स्कृनिङ, प. नि. सेवा तथा परामर्श र कोभिड-१९ विरूद्धको खोप लगायतका सेवा प्रवाह गरिने गाउँपालिकाले जनाएको छ ।

यस्तै, कृषि शाखा अन्तर्गत हिउँदे वालीको वीउ वितरण, विषादी वितरण, फर्म दर्ता सम्बन्धी आवश्यक कागजातको जानकारी, अनुदान सम्वन्धी जानकारी तथा माग संकलन रहनेछ । पशु शाखा अन्तर्गत गोवर परीक्षण एवं औषधी वितरण, प्रशासन शाखा अन्तर्गत व्यवसाय दर्ता तथा विभिन्न विषयमा जानकारी गराउने गाउँपालिकाले जनाएको छ ।

शिविरमा पञ्जीकरण शाखा अन्तर्गत विभिन्न किसिमका घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी सेवा, महिला तथा वालवालिका शाखा अन्तर्गत ज्येष्ठ नागरिक परिचयपत्र र अपाङगता परिचयपत्र वितरण गरिनेछ भने घरनक्शा शाखा अन्तर्गत नि:शुल्क घर नम्वर प्लेट वितरण गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद अधिकारीले बताए ।

# मापदण्ड विपरित उत्खनन् गरिएको नदीजन्य सामाग्री सिल

**भञ्ज्याङ समाचारदाता/डुम्रे**

तनहुँको बन्दिपुर गाउँपालिका-५ याम्पाघाटस्थित मर्स्याङ्दी नदी किनारमा मापदण्ड विपरित उत्खनन् गरी राखिएको नदीजन्य सामग्री गाउँपालिकाले सिल गरेको छ । नदीबाट मापदण्ड विपरित उत्खनन् गरी राखिएको ढुंगा, गिटी, बालुवा गाउँपालिकाले आइतबार सिल गरेको हो ।




गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा, वडा नम्बर ५ का वडाध्यक्ष ध्रुव लामिछाने, वडा नम्बर १ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठ सहितको टोलीले उक्त ठाउँको अनुगमन गरी मापदण्ड विपरित राखेको पाइएपछि सिल गरिएको हो ।

मर्स्याङ्दी नदी किनारमा आर्थिक वर्ष २०७८/०७९ का लागि गाउँपालिकाले तीन हजार एक सय घनमिटर उत्खनन्का लागि ठेक्का आह्वान गरेको थियो । तर मापदण्ड विपरित एक्साभेटर प्रयोग गरी १२ हजार एक सय घनमिटर ढुङ्गा, गिटी र बालुवा उत्खनन् गरेको पाइएको प्रवक्ता श्रेष्ठले बताए ।

गाउँपालिकाले केही दिन अगाडी मात्रै वडा नम्बर ६ स्थित साराङघाटमा रहेको क्रसर उद्योग पनि अनुगमन गरी सिल गरेको छ ।

# अजिंगरको उद्धार

**भञ्ज्याङ समाचारदाता/दमौली**

पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ जलविरेमा फेला परेको अजिङ्गरको उद्धार गरिएको छ। मुग्लिन पोखरा सडक विस्तारका क्रममा फेला परेको अजिङ्गरलाई डिभिजन वन कार्यालय तनहुँले उद्धार गरेको हो । सडक आयोजना अन्तर्गत काम गरिरहेका कामदारले अजिङ्गर देखा परेपछि डिभिजन वन कार्यालय तनहुँमा खबर गरिएको थियो । वनको टोलीले अजिङ्गरलाई उद्धार गरी डिभिजन



वन कार्यालयको खोरमा सुरक्षित राखेको डिभिजन वन प्रमुख कोमलराज काफ्लेले बताए । उक्त अजिङ्गरको तौल १० केजी र लम्बाइ ६.५ फिट रहेको छ। अजिङ्गरलाई वनमा लगेर सुरक्षितरूपमा छाडिने भएको छ ।

**निखिल ढाका कपडा तथा सटिङ्ग-सुटिङ्ग उद्योग**





व्यास-१ र २, दमौली, तनहुँ ।
मो. ९८४१८०००६१, ९८०६६७३३४४
प्रो. विष्णु एण्ड कला

**हाम्रा सेवाहरू :** यहाँ ब्राण्डेड सटिङ्ग-सुटिङ्ग कपडा, ढाका टोपी, साडी, व्यागहरू, दौरा सुरुवाल आदि पाइनुका साथै सम्पूर्ण कपडाहरू सिलाईको पनि राम्रो व्यवस्था गरिएको छ ।

CYCLE STATION
तनहुँ साइकल सप्लायर्स
व्यास-२, न्यूरोड, दमौली, तनहुँ
प्रो. जीवन कुमार श्रेष्ठ
फोन : ०६५-५६००८३, ९८५६०६०५९९

हामी कहाँ विभिन्न ब्राण्डका बच्चा साइकल, गियर साइकल, माउन्टेन बाइक पाईनुका साथै सुपथ मुल्यमा मर्मत पनि गरिन्छ ।

# सम्पादकीय .........

www.bhanjyangnews.com

## आयुर्वेदमा आकर्षण

आयुर्वेद उपचार पद्धतिमा पछिल्लो समय सर्वसाधारणको आकर्षण बढ्दै गएको छ । पञ्चकर्म, क्षारसूत्र, फिजियोथेरापी लगायतका विधिबाट विभिन्न रोगको सफल उपचार हुन थालेपछि आयुर्वेद उपचार पद्धतिमा सर्वसाधारणको आकर्षण बढ्दै गएको छ । विभिन्न ठूला अस्पतालमा एलोप्याथिक विधिबाट लामो समय उपचार गर्दा पनि रोग निको नहुँदा आयुर्वेद विधिबाट उचारका लागि आयुर्वेद स्वास्थ्य केन्द्रमा आउनेको संख्या बढ्दै गएको छ । तनहुँको सदरमुकाम दमौलीमा रहेको जिल्ला आयुर्वेद उपचार स्वास्थ्य केन्द्रमा अहिले दैनिक सय जनाको हाराहारीमा सर्वसाधारणहरू आयुर्वेद पद्धतिको उपचार सेवा लिन आउने गर्दछन् । हेपिदै गएको आयुर्वेद उपचार पद्धति प्रति पछिल्लो समयमा सर्वसाधारणको आकर्षण बढ्दै गएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँले प्यारालाइसिस, बाथ, जोर्नीका समस्या भएका बिरामीलाई लक्षित गरी फिजियोथेरापी सेवा समेत सञ्चालनमा ल्याएसंगै उपचार सेवा लिन आउनेको संख्या बढ्दै गएको छ । आयुर्वेदिक पद्धतिबाट उपचार गर्दा स्वास्थ्यमा गम्भिर असर नगर्ने र एलोप्याथिक विधिबाट लामो समय उपचार गरी थकित भएका व्यक्ति पनि आयुर्वेदिक उपचारमा आउने गरेका छन् ।

गण्डकी प्रदेश सरकारको सहयोगमा फिजियोथेरापी मेसिन ल्याएपछि केन्द्रले आन्तरिक स्रोतबाट आवश्यक अन्य उपकरणको व्यवस्थापन गरी फिजियोथेरापी उपचार सेवा सञ्चालनमा ल्याएको केन्द्रले जनाएको छ । केन्द्रले समय–समयमा स्थानीय तहका ग्रामीण क्षेत्रका बासिन्दालाई स्वास्थ्य शिविरमार्फत उपचार सेवा समेत दिंदै आएको छ । आयुर्वेद स्वास्थ्य केन्द्रबाट स्वर बसेका, श्वासप्रश्वास सम्बन्धी समस्या भएका, दम, बाथ, हाडजोर्नी, ग्याष्ट्रिक, प्रसूति, बमनथेरापी लगायत सेवा लिन सेवाग्राही आउने गरेका छन् । अधिकांश सेवाग्राहीहरू विभिन्न अस्पताल धाएर पनि रोग निको नभएपछि आयुर्वेद स्वास्थ्य केन्द्रमा आइपुग्ने गरेका छन् । आयुर्वेद उपचार स्वास्थ्य केन्द्रमा आइपुग्दा सेवाग्राहीको स्वास्थ्यमा २/३ वटासम्म रोगका समस्या देखिने हुँदा लामो समयसम्म उपचार गर्नुपर्ने अवस्था आउने गरेको केन्द्रका प्रमुख डा. रामप्रबोध मण्डल बताउँछन् । आयुर्वेद स्वास्थ्य केन्द्रबाट आर्थिक वर्ष २०७८/०७९ मा ७३ हजार ५१४ जनाले उपचार सेवा लिइएका छन् । आर्थिक वर्ष २०७७/०७८ मा ५५ हजार ८४२ जनाले उपचार लिएका थिए भने २०७६/०७७ मा ३८ हजार ५८५ जनाले स्वास्थ्य उपचार सेवा लिएका छन् ।

केन्द्रमा सेवा लिन तनहुँ, छिमेकी जिल्ला गोरखा, लमजुङका केही क्षेत्रका मानिससमेत आउने गरेका छन् । आयुर्वेद स्वास्थ्य उपचार पद्धतिमा सर्वसाधारणको आकर्षण बढ्दै गएपनि केन्द्रमा दरवन्दी अनुसार पदपूर्ति नहुनु, आवश्यक भौतिक पूर्वाधारको अभाव, विद्युतको वैकल्पिक व्यवस्था नहुनु, ढुवानी तथा प्राविधिक जनशक्तिलाई आवश्यक तालिमको अभाव लगायतका समस्या झेल्नुपरेको केन्द्रले जनाएको छ । आयुर्वेद सेवा सम्वन्धी भ्रामात्मक विज्ञापन तथा भ्रम, कार्यक्रमहरूको अभिमुखिकरण नहुनु, भौगोलिक कठिनाई, कार्यविधि एवं निर्देशिका बमोजिम न्यून बजेटको व्यवस्था, पुनःताजगी तालिम विहिन जनशक्ति, न्युन गुणस्तरीय आयुर्वेद औषधीहरूको उत्पादन, फिजियोथेरापी संचालनका लागि जनशक्तिको अभाव जस्ता कारण केन्द्रले सेवालाई प्रभावकारी बनाउन सकेको छैन । आयुर्वेद स्वास्थ्य केन्द्रको उपचार सेवालाई थप प्रभावकारी बनाउन अत्यावश्यक पूर्वाधारको निर्माण तथा औषधी र जनशक्ति व्यवस्थापनलाई सरोकारवाला निकायले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

# डेंगु रोगको उपचारमा मेवा-पात रसको वैज्ञानिक प्रामाणिकता

काठमाडौं उपत्यका भित्र घरैपिच्छेजस्तो डेंगु रोगी छन् । उपत्यकाबाहिर जिल्लाहरूमा पनि ग्रामीण स्तरसम्म डेंगुको संक्रमण फैलिसकेको देखिन्छ। अस्पताल र डाक्टरहरूले यस रोगका रोगीहरूमा गरिरहेको भनेको लाक्षणिक चिकित्सा मात्र हो। आधुनिक चिकित्सा विज्ञानमा यस रोगको कुनै खास औषधी छैन। डेंगु रोग लक्षणसहित र लक्षण विनाको पनि देखिन्छ। जब संक्रमण बोकेको लामखुट्टेले व्यक्तिलाई टोक्दछ त्यसको ३ देखि १४ दिनभित्र डेंगु ज्वरो देखा पर्दछ। सामान्यतः यो रोग एक हप्तामा आफैं निको भएर जाने हुन्छ। यो रोग वृद्धवृद्धा र बालबालिको लागि बढी घातक मानिन्छ। एडिस एजेप्टी नामक पोथी लामखुट्टेको टोकाइबाट सर्ने डेंगु संक्रामक रोग भएको कारणले यसको कारण भनेको विषाणु (भाइरस) हो भन्ने विषय सबैले जान्नैपर्ने तथ्य हो। यो रोग लागिसकेपछि कसरी ठीक गर्ने भन्ने विषय प्राथमिक रूपमा आम चासोको विषय हुन्छ तर त्यस अतिरिक्त यस रोगको अन्य विषय आमरूपमा जनस्वास्थको होइन।

डेंगु रोगको सामान्य लक्षण भनेको जोर्नीहरूमा लट्ठीले पिटे जसरी दुख्नु हो। आँखाको गेडीको भित्री भागमा तीब्र पीडा हुन्छ। लगातार टाउको दुख्छ। पटक पटक वान्ता हुन्छ। खानाको स्वाद आउँदैन। उच्च ज्वरो १०३ देखि १०४ डि. फरेनहाइटसम्म आउँछ। साथै थकान लागिरहन्छ, हाडजोर्नी दुख्ने गर्छ र पटकपटक पखाला लाग्दछ। शरीरको कुनै पनि अंग सुन्निनु वा त्यहाँबाट रक्तस्राव हुन थाल्नु भनेको लक्षण जटिल बनेको मानिन्छ । डेंगु रोगीको रगत परीक्षण गर्दा प्रायः प्लेटलेटस (एक प्रकारको रक्तकोष) को संख्या ह्वात्तै कम भएको पाइन्छ। जसले गर्दा घातक अवस्था निम्तिन सक्ने हुन्छ। प्लेटलेट्स अत्यधिक कम भएको अवस्थामा कहिले काँही रक्तस्राव भई रोगीको ज्यान समेत जाने गर्दछ। आधुनिक चिकित्सा विज्ञानले यस रोगमा खासै कुनै औषधि दिन नसकेको परिस्थितिमा वैकल्पिक चिकित्सा विधिहरूको खोज गरिएको छ।

डेंगुमा जब प्लेटलेट्सको संख्या अत्यधिक घट्छ त्यसपछि रोगीलाई सलाइन मार्फत अरूबाट झिकिएको संरक्षित प्लेटलेटस् रोगीमा चढाउनुको विकल्प हुँदैन- आधुनिक चिकित्सा विज्ञानमा तर आयुर्वेदमा डेंगु रोगीलाई मेवाको पातको रस सेवन गराएर मात्र पनि प्लेटलेटस् अपेक्षित रूपमा बढाउन सक्दछ।

आयुर्वेदमा मेवालाई औषधीय वनस्पतिको रूपमा उल्लेख गरेको पाइन्छ। मेवा मूलतः नेपालको वनस्पति होइन। दक्षिण अमेरिकी मुलुक ब्राजिलको मूल वनस्पति मेवालाई पोर्तुगिजहरूले भारतीय उपमहाद्विपमा भित्र्याएका हुन्। पोर्तुगिज भाषामा मेवालाई पपिता भनिन्छ जसलाई हिन्दीमा पनि पपिता नामले नै चिनिन्छ। लैटिनमा कैरिया पपाया भनिने यही पपितालाई नेपालीमा मेवा भनिन्छ। जसलाई आयुर्वेदीय ग्रन्थमा (वा संस्कृतमा) नलपर्णी वा मधुकर्कटी वा एरण्डचीरभक्त भनेर पनि उल्लेख गरिएको छ। मेवाको पात, फल, बीउ र दुधलाई औषधीको रूपमा प्रयोग गरिन्छ।

मेवामा ग्लुकोज, भिटामिन, खनिज लवण, स्थिरतेल, उड्डयनशील तेलहरूको अतिरिक्त मुख्य रूपमा पापेन, कैरिसिन, माईरोसिन, कार्पासेमिन, कार्पेन, कार्पोसाईड आदि चिकित्सा उपयोगी जैवरसायन पाइन्छ। मेवाको दूधमा काईमोपापेन र २० प्रतिशत पापेन पाइन्छ जसमा खाने दूधलाई जमाउन सक्ने र प्रोटिनलाई पचाउन सक्ने अदभूत शक्ति हुन्छ । आयुर्वेदीय मान्यता अनुसार काँचो मेवा कफ र वातलाई समन (सुन्तुलन) गर्ने क्षमता हुन्छ भने पाकेको मेवामा पित्तलाई पनि समन गर्ने क्षमता हुन्छ। समग्रमा यसले शरीरको वात, पित्त र कफ तीन वटै दोषलाई समन गर्न सक्ने सामर्थ राख्छ।

मेवाको १ भाग पापेन वा काईमोपापेनले २५० भाग मासुलाई पचाउन सक्दछ। १ ग्राम मेवाको दूधको पाउडरले आधा लिटर खाने दूधलाई पचाउन सक्दछ । आयुर्वेद चिकित्साले डेंगु रोगमा मेवाको रस निकै लाभदायी हुन्छ भन्दै गर्दा आधुनिक एवं वैज्ञानिक भनाउने एउटा समूहले यसको मजाक उडाइरहेको छ। यसको प्रभावकारिताको पुष्टिका लागि प्रमाण छैन भन्ने भ्रम छरिंदै छ। उपलब्ध प्रमाणहरूमाथि प्रश्न उठाइँदै छ। जनस्तरसम्म एक खालको पूर्वाग्रही दृष्टिकोण प्रचार गरिएको छ। विशेषज्ञहरूबाटै ती भ्रमहरु आमसञ्चारका माध्यममार्फत प्रसार भइरहेका छन्।



**आयुर्वेद चिकित्साले डेंगु रोगमा मेवाको रस निकै लाभदायी हुन्छ भन्दै गर्दा आधुनिक एवं वैज्ञानिक भनाउने एउटा समूहले यसको मजाक उडाइरहेको छ। यसको प्रभावकारिताको पुष्टिका लागि प्रमाण छैन भन्ने भ्रम छरिंदै छ। उपलब्ध प्रमाणहरूमाथि प्रश्न उठाईदै छ। जनस्तरसम्म एक खालको पूर्वाग्रही दृष्टिकोण प्रचार गरिएको छ। विशेषज्ञहरूबाटै ती भ्रमहरू आमसञ्चारका माध्यममार्फत प्रसार भइरहेका छन्।**

डा. रामदेव पण्डित (आयुर्वेद चिकित्सक)

आधिकारिक एवं विश्वसनीय स्विस जर्नल प्रकाशन संस्था 'एम्डीपिआई' को न्युट्रियेन्ट्स नामक जर्नलमा सन् २०२२ अप्रिल अंकमा बीई पिङ् तेह एवं समूहद्वारा अन्तर्राष्ट्रिय स्तरका जर्नलमा मेवा सम्बन्धी प्रकाशित २८ वटा वैज्ञानिक अनुसन्धानहरूको समीक्षात्मक अध्ययनको निष्कर्ष अनुसार मेवाको पातमा मूल रूपमा दुईवटा औषधीय गुण उच्चतम मात्रामा पाइन्छ, पहिलो एन्टी–थ्रोम्बोसाइटोपेनिक र इम्युनोमोड्युलेटरी। अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त जर्नलहरूमा प्रकाशित ३ वटा इथ्नोबोटानिकल अनुसन्धान, ३ वटा अजैविक अनुसन्धान, १ वटा कोषीय अनुसन्धान, १३ वटा जनावरीय अनुसन्धान र १० क्लिनिकल अनुसन्धानहरूको समीक्षा गरिएको उक्त अनुसन्धान पत्रले दिएको उपर्युक्त निष्कर्ष प्रमाण, मेवाको चिकित्सकीय गुणको वैज्ञानिक प्रमाणिकताको लागि हाललाई पर्याप्त छ। मोड अफ एक्सन पत्ता लागेको छैन भन्दैमा यसलाई प्रमाणहीन भन्नु ठीक हुँदैन।

डेंगु रोगीमा मेवाको ताजा पातको रस प्रतिदिन २०–४० मि.लि. दिनको दुईदेखि तीन पटकसम्म खाली पेटमा दिनु अति प्रभावकारी हुन्छ। मेवाको पातले प्लेटलेट्सको संख्या बढाउनुको साथसाथै रोगप्रतिरोधात्मक क्षमता पनि बढाउँछ भन्ने तथ्य अनुसन्धानले स्पष्ट रूपमा बताइसकेको छ । आधुनिक चिकित्सा विज्ञानका चिकित्सकहरूको स्वीकार्यताका लागि अझ देखाउनुपर्ने कस्तो प्रमाण हो ? मेवाको पातको रसलाई कुनै बहुराष्ट्रिय कम्पनीले सिरप बनाएर बजारमा ल्याउला, औषधी व्यवस्था विभागले त्यसलाई बेच्ने अनुमति देला, त्यसपछि त्यसको प्रचारको लागि मेडिकल प्रतिनिधिहरु चिकित्सकहरूको ढोका ढोकामा पुग्लान् अनि बल्ल स्वीकार गरौंला भन्ने पर्खाइ हो भने धैर्यपूर्वक पर्खिनुहोस् तर डेंगुले रोगीहरूलाई पर्खिने छैन। त्यस अवधिमा यहाँहरूको पूर्वाग्रहले मात्रै धेरै डेंगु रोगीको ज्यान गइसकेको हुनेछ।

यहाँ समस्या वैज्ञानिक प्रमाणको अभाव हो कि वैकल्पिक चिकित्सा पद्धतीहरूप्रतिको पूर्वाग्रहको हो खुट्याउनुपर्ने भएको छ। वैकल्पिक पद्धतिहरूप्रतिको उपचारात्मक परिणामहरूले त्यस्ता पूर्वाग्रहलाई त भत्काइ नै दिने छ। समयले वैकल्पिक पद्धतिहरूलाई सर्वस्वीकार्य बनाउने पर्यावरण निमार्ण गर्नेछ। भारतको तमिल नाडु राज्यमा डेंगु संक्रमणको व्यवस्थापनको लागि कालमेघ नामक औषधीय वनस्पतिसँगै मेवाको पातको व्यापक प्रयोग हुन्छ भने केरल राज्यमा मेवा–पत्ताको विशेष रूपमा प्रयोग हुन्छ।

कुनै पनि विधा आफैंमा सम्पूर्ण हुँदैन। एक अर्काको पुरकको रूपमा सहकार्य गर्नु नै उद्देश्य प्राप्तिको लागि बुद्धिमानी हुन्छ। अहिले डेंगु रोगको प्रकोपसँग लड्ने सन्दर्भमा आधुनिक चिकित्सा विज्ञान र अन्य वैकल्पिक चिकित्सा विज्ञानहरूले सहकार्य गर्नु अहिलेको आवश्यकता हो। चिकित्सकको पूर्वाग्रहले चिकित्सा सेवामै प्रभाव पार्नुहुँदैन। चिकित्सा

बाँकी तेश्रो पेजमा







## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
नाम, दाम र इनाम कमाउने बेला छ । पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आम्दानीका स्रोत भने कमजोर बन्नेछन् । बेलैमा होस नपुग्नाले फाइदा गुम्न सक्छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत नै प्राप्त हुनेछ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
लक्ष्यअनुसार समयमै काम सम्पादन गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
नयाँ काम गर्ने अवसर प्राप्त हुनाले दैनिकीमा समेत परिवर्तन आउनेछ। अध्ययनमा प्रगति हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
बेसुरको व्यवहारले समस्या निम्त्याउनेछ । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरु पछि पर्नेछन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
प्रयत्न गर्दा छोटो समयमा मनग्य फाइदा हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
मिहिनेतले पदीय जिम्मेवारी दिलाउनेछ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ ।

# देशकै ठूलो सौर्य फार्मबाट २५ मेगावाट विद्युत् उत्पादन

रामहरि न्यौपाने/त्रिशुली

नेपाल विद्युत् प्राधिकरणले नुवाकोटमा निर्माण गरिरहेको देशकै ठूलो सोलार फार्म (प्लान्ट) बाट २५ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । एक वर्षभित्र काम सम्पन्न गर्ने भनेर विसं २०७५ वैशाख १४ गते शिलान्यास गरिएको फार्मबाट साढे तीन वर्षपछि लक्ष्यअनुसार २५ मेगावाट विद्युत्को परीक्षण उत्पादन भइरहेको आयोजना प्रमुख विकास रघुवंशीले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न सात ब्लकमा स्थापना गरिएका सौर्य फार्मबाट सुरू भएको परीक्षण उत्पादन सफल ठहरिएको छ । "फार्मबाट पछिल्लो दुई सातादेखि २५ मेगावाट विद्युत् उत्पादनको परीक्षण निरन्तर भइरहेकाले आयोजना सफल भएको छ", आयोजना प्रमुख रघुवंशीले भन्नुभयो, "मौसम अनुकूल भएको समयमा लक्ष्यअनुसार २५ मेगावाट भन्दा केही बढी विद्युत् उत्पादन भइरहेको छ ।" फार्मबाट उत्पादित विद्युत् विदुर नगरपालिका-६ स्थित देवीघाट जलविद्युत् केन्द्रमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । सौर्य फार्म विदुर-६ र १२ मा पर्दछ ।

विसं २०७४ जेठ ३ मा सम्झौता गरिएको आयोजनाको शिलान्यास विसं २०७५ वैशाख १४ मा गरिएको थियो । एक वर्षभित्र काम पूरा गर्ने लक्ष्य लिइएको भए पनि निर्माण व्यवसायीबाट ढिलो गरेर तयार भएको डिजाइन परामर्शदाता कम्पनीले पुनरावलोकन आवश्यक रहेको भन्दै स्वीकृत गर्न थप ढिला गरेसँगै फार्म निर्माणको काम डेढ वर्ष पर धकेलिएको हो । निर्माण व्यवसायी चिनियाँ कम्पनी राइजन इनर्जीले विसं २०७६ कात्तिकदेखि काम सुरू गरेर पहिलो चरणमा विसं २०७७ माघमा एक दशमलव पाँच मेगावाट विद्युत् उत्पादन गरेको थियो । आयोजनाको पूर्ण क्षमता (२५ मेगावाट) गत भदौ १० गतेदेखि थालिएको परीक्षण उत्पादन दुई सातासम्म नियमित भएसँगै सफल ठानिएको छ। सोलार आयोजनाबाट उत्पादित विद्युत् फार्मले आफैले निर्माण गरेको ३३/६६ केभी २५ एमभिए क्षमताको सब-स्टेशनबाट अपग्रेड गरेर एक सय मिटर दूरीमा अवस्थित देवीघाट विद्युत्गृहको सबस्टेशनसम्म भूमिगत प्रसारण लाइनमार्फत पुर्याएर त्यहाँबाट राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ ।

आयोजना प्रमुख रघुवंशीका अनुसार सौर्य प्लान्टले बिहान ६ देखि साँझ ६ बजेसम्म विद्युत् उत्पादन गर्दछ। "सिधै प्रसारण प्रणालीमा पठाएकाले ब्याट्री राखेर विद्युत् सञ्चय गरिएको छैन", उहाँले भन्नुभयो, "मौसम सफा भएको मध्याह्नको समयमा २५ दशमलव दुई मेगावाटसम्म विद्युत्



उत्पादन भइरहेको छ, परीक्षण अवधिमा दैनिक एकलाख युनिट विद्युत् उत्पादन भएकाले आयोजनाको निर्माण सफल मानिएको हो ।" सौर्य प्यानलबाट उत्पादन हुने विद्युत् डिसी (डाइरेक्ट करेन्ट)बाट एसी (अल्टरनेट करेन्ट)मा रूपान्तरण गर्दा सोही परिणामको प्रयोगयुक्त विद्युत् उत्पादन भइरहेको छ । अब नियमित उत्पादन सुरू गरिने आयोजना पक्षले जनाएको छ । यद्यपि फार्ममा जडान गरिएका सौर्य प्यानल सफा गर्न चाहिने पानीपोखरी, संरक्षणका लागि लगाउनुपर्ने घेराबार र पर्खाललगायतका केही भौतिक संरचना निर्माणको काम जारी रहेकाले आयोजना सम्पन्न भएको जानकारी दिन अझै एक महिना लाग्ने निर्माण व्यावसायीले नेपाल विद्युत् प्राधिकरणलाई जनाएको छ ।

**खेर गएका बाँझो जग्गा उपयोग**

एउटा प्यानलबाट दुई सय ७५ वाट विद्युत् उत्पादन हुनेछ । एक मेगावाट विद्युत् उत्पादनका लागि प्यानल राख्न २० रोपनी जग्गा आवश्यक पर्दछ। हाल प्राधिकरणको नाममा रहेको ३८ हेक्टर बाँझो जग्गाको उपभोग गरेर २५ मेगावाट विद्युत् उत्पादन थालिएको हो । विदुर नपा वडा नं ६ र १२ स्थित प्राधिकरणको आफ्नै नाममा रहेको खाली जग्गाको विभिन्न सात ब्लकमा सौर्य प्यानल जडान गरेर प्राधिकरणले सौर्य फार्म निर्माण गरेको हो। सुरूमा स्टाफ क्वार्टर (विद्युत् प्राधिकरणमार्फत सञ्चालित बोर्डिङ स्कुल रहेको स्थान) र फोर-वे (नेपाली सेनाको ब्यारेक पछाडिको चौर)बाट विद्युत् उत्पादन सुरू भएको थियो भने क्रमशः रातमाटे, केराघारी, हेलिप्याड, कफीघारी-१ र कफीघारी-२ बाट विद्युत् भइरहेको छ। उक्त जग्गा यसअघि अधिकांश अतिक्रमणमा परेका थिए ।

**पाँच वर्षसम्म निर्माण व्यवसायीको जिम्मामा**

नेपाल सरकारले आन्तरिक उत्पादनबाटै विद्युत्मा आत्मनिर्भर हुने योजनाअनुरूप १० वर्षमा १५ हजार मेगावाटको लक्ष्यमा विद्युत् आयोजनाको उत्पादन समिश्रण अनुपात निर्धारणअनुसार सरकारीस्तरबाट देवीघाटमा सौर्य फार्म निर्माण गरिएको हो । यो देशको पहिलो र हालसम्मकै ठूलो फार्म मानिन्छ । आयोजना निर्माणमा 'ग्रिड सोलार तथा ऊर्जा दक्षता परियोजना'मार्फत विश्व बैंकको सहुलियतपूर्ण ऋण अनुदानमा प्राप्त ३८ मिलियन डलर लगानी छ । परियोजनाको प्लान्टका लागि चिनियाँ कम्पनी राइजन इनर्जीसँग तीन करोड ८० लाख अमेरिकी डलरमा ठेक्का सम्झौता गरिएको थियो। उक्त कम्पनीसँग विसं २०७४ जेठ ३ मा भएको सम्झौताअनुसार सोलार प्लान्टको डिजाइन, आपूर्ति, निर्माण, सञ्चालन र मर्मतसम्भार समेत गरेर चालु अवस्थामा पाँच वर्षपछि मात्र सरकारलाई हस्तान्तरण गर्ने भनिएको छ । प्राधिकरणलाई फार्म औपचारिकरूपमा हस्तान्तरण गर्न बाँकी रहेकाले उक्त पाँच वर्ष अवधिको गणना सुरू भएको छैन ।

**प्रतिमेगावाट रू १६ करोड लगानी**

प्लान्टबाट वार्षिक तीन करोड ४६ लाख ५० हजार युनिट सुनिश्चित (ग्यारेण्टी) विद्युत् आपूर्ति हुनुपर्ने सम्झौतामा भनिएको छ । सो परिणाममा विद्युत् उत्पादन नभए निर्माण व्यवसायीले प्रतियुनिट ३० सेन्ट क्षतिपूर्ति तिर्नुपर्दछ । फार्म निर्माणका लागि सम्झौता समयमा रू तीन अर्ब ८० करोड लाग्ने प्रक्षेपण गरिए पनि लक्ष्यभन्दा साढे तीन वर्ष ढिलो हुदाँ लगानी थप बढेको प्राधिरकणले जनाएको छ । आयोजनामार्फत विद्युत् उत्पादनमा लगानी महँगो भए पनि ऊर्जाको वैकल्पिक स्रोतको व्यवस्थापन र नमूना योजनाका रूपमा निर्माण गरिएकाले लगानीसँग तुलना गर्न नहुने आयोजना प्रमुख रघुवंशीको भनाइ छ। उहाँका अनुसार प्लान्ट निर्माण गर्दा प्रतिमेगावाट रू १६ करोड लगानी छ ।

**वैकल्पिक ऊर्जाको ठूलो स्रोत**

खेर गएको सौर्य ऊर्जा सङ्कलन गरेर प्राधिकरणको खुला (प्रयोगविहीन) जग्गामा सञ्चालनमा ल्याएको आयोजनामा गरिएको लगानी र विद्युत् उत्पादनलाई वैकल्पिक ऊर्जाका लागि देशकै 'नमूना' योजना रहेको प्राधिरकणको दाबी छ । फार्म सञ्चालनमा आएपछि हिउँदको समयमा राष्ट्रिय प्रसारण प्रणालीमा हुने ऊर्जा अभाव कम गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । काठमाडौँको नजिक दूरीमा पर्ने र यसका लागि छुट्टै प्रसारण प्रणाली बनाउन नपर्ने भएकाले पनि यस आयोजना निर्माण सम्पन्नले ऊर्जाको राष्ट्रिय योगदानमा महत्वपूर्ण मानिन्छ। भूकम्पलगायतका विपद्का कारण जलविद्युत् आयोजनामा क्षति पुग्नसक्ने भएकाले उक्त समयमा चाहिने ऊर्जाको वैकल्पिक स्रोतको उपभोग गर्न सौर्य फार्मको निर्माणलाई थप महत्वका रूपमा हेरिएको छ । हिउँदको समयमा फार्मबाट उत्पादन हुने विद्युत् उपयोग गरेर उक्त समयमा कुलेखानी जलाशययुक्तसहित कालीगण्डकी 'ए', मध्यमर्स्याङदी, मर्स्याङदी, चिलिमेलगायतका अर्ध-जलाशययुक्त उत्पादनगृहको पानी दिउँसो सञ्चित गरेर विद्युत्को माग बढी हुने बिहान र बेलुका (पिकआवर)को समयमा सञ्चालन गर्न सहयोग पुग्नेछ । रासस

# श्रीलङ्कामा रेमिटेन्स बढ्यो

रासस/सिन्ह्वा/कोलम्बो

श्रीलङ्काली श्रम तथा वैदेशिक रोजगारसम्बन्धी मन्त्री मानुषा नानायक्काराले विदेशिएका श्रीलङ्कालीहरूबाट प्राप्त रेमिटेन्सले आर्थिक संकटमा परेको देशमा राहात मिलेको बताउनुभएको छ । उहाँले उनीहरूबाट पठाइएको रेमिटेन्स रकम अगष्ट महिनासम्ममा ३२ करोड ५० लाख अमेरिकी डलर पुगेको पनि जानकरी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ । उहाँले वैदेशिक रोजगारीमा गएका श्रीलङ्कालीबाट प्राप्त भएको रेमिटेन्स रकम पछिल्ला दिनमा बढ्दो रहेको भन्दै यसबाट वैदेशिक मुद्राको खाँचो परेको देशमा सहज भएको बताउनुभयो ।

उहाँले गत जुलाई महिनाको तुलनामा अगष्ट महिनामा रेमिटेन्स रकम १४.६ प्रतिशतले बढेको पाइएको जानकारी दिनुभएको हो। उहाँले रेमिटेन्स रकम पठाउने व्यक्तिहरूलाई विशेष धन्यवाद दिनुभएको छ । देश आर्थिक संकटमा परेका बेला विदेश पुगेका नागरिकहरूबाट प्राप्त रेमिटेन्स रकमका लागि विशेष धन्यवाद छ- मन्त्री नानकायराले भन्नुभएको छ ।

गएको वर्षदेखि आर्थिक संकटमा फसेको दक्षिण एसियाली मुलुक श्रीलंकामा वैदेशिक रोजगारीका लागि देश छोडेर जानेहरूको संख्या बढ्दै गएको पाइएको छ । यस वर्षमात्र यहाँका दुई लाखभन्दा बढी व्यक्तिले वैदेशिक रोजगारीका लागि विदेशिएका पाइएको बताइएको छ । श्रीलंकाका श्रम तथा वैदेशिक रोजगारसम्बन्धी मन्त्री नानायक्काराले सो कुराको जानकरी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ ।

उहाँले यसै वर्षको जनवरीदेखि अगष्ट महिनासम्ममा ती नागरिकले श्रीलङ्काको वैदेशिक रोजगार विभागमा दर्ता गराएर नै वैदेशिक रोजगारीका लागि गएको जानकारी दिनुभएको हो। उहाँले आइतबार भन्नुभएको थियो यसवर्ष मात्र दुई लाख भन्दा बढी व्यक्ति वैदेशिक रोजगारीका लागि विदेश गएका छन् र अरू पनि दर्ता नै नगराइकन विदेश गएका हुनसक्छन् ।

# डेंगु रोगको उपचारमा .......

स्वतन्त्र रहनुपर्छ। चिकित्साको केवल एउटै उद्देश्य हुन्छ। त्यो हो- सुरक्षित रूपमा रोगीको उपचार । आधुनिक चिकित्सा विज्ञानबाट गरिएको चिकित्सा मात्र चिकित्सा अन्य विधि अवैज्ञानिक एवं अन्धविश्वास हो भन्ने बुझाइ सर्वथा गलत हो, एकाङ्की हो। जनस्वास्थ्य संकटहरूसँग जुध्न चिकित्सकीय विविधतालाई स्वीकार गर्नु नै बुद्धिमानी हुन्छ।

युद्ध गर्ने सैनिकको उद्देश्य युद्धमा विजय हासिल गर्नुहुन्छ। के ले कसरी विजय हासिल गरिन्छ भन्ने समीक्षाको विषय मात्र हुन्छ। सुरक्षित रूपमा जे जे अस्त्रशस्त्रले येन केन प्रकारेण सत्रुलाई परास्त गरी विजय हासिल गर्नु नै योद्धा हुन्छ। उसैको सम्मान हुन्छ। गोली ठोकेर हानेर सत्रुलाई विजय गर्ने सच्चा योद्धा र खुकुरीले सत्रु परास्त गर्ने कायर भन्ने हुँदैन। ठीक त्यसै गरी विभिन्न चिकित्सा पद्धतिहरु एवं जनशक्तिले जनस्वास्थ रक्षार्थ त्यसरी नै संगठित साधन बन्नसक्नुपर्छ । आयुर्वेद चिकित्सा व्यक्तिपरक चिकित्सा हो। एउटा व्यक्तिमा निकै प्रभावकारी देखिएको आयुर्वेदिक औषधि र विधि अर्को व्यक्तिमा त्यति नै प्रभावकारी नहुन सक्छ। त्यस अवस्थामा युक्तिपूर्वक थप विकल्पहरूको प्रयोग गनुपर्ने हुन्छ। डेंगु रोगमा रोगी र रोगीको अन्य धेरै पक्षलाई विचार पुर्याएर मात्र आयुर्वेद विधिद्वारा युक्तिपूर्वक संवेदनशील चिकित्सा गरिन्छ। अतः आधिकारिक व्यक्तिको परामर्श विना डेंगु ज्वरको स्वेच्छिक चिकित्सा गर्न खोज्नु घातक पनि हुनसक्छ ।

आइएनएस-स्वतन्त्र समाचारबाट

## मोटर साइकल हराएको सूचना

बन्दिपुर गाउँपालिका-१ रिमाल्नी स्थित घरबाट निम्न विवरण भएको मोटर साइकल यही मिति २०७९/०१/२४ गते रातको अन्दाजी १२ बजेको समयमा हराएको हुँदा कही कतै देख्नु/भेट्नु भएमा नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध छ ।

**सवारीधनिको नाम** : डुम्रे वचत तथा ऋण सहकारी संस्था (ऋणि : पूर्ण शाही)
**सवारीको नम्बर** : ग१४प५८३२
**सवारीको मोडल** : Pulsar220/Black
**च्याचीस नम्बर** : MD2A13C97HCF63734
**ईन्जिन नम्बर** : DKYCHF53380 **सम्पर्क** : ९८५६०८०३०६

प्रो. अर्जुन अधिकारी ०६५-५६१२५३, ९८५६०६०४२४, ९८६६००१०९२
नेशनल इलेक्ट्रोनिक्स
व्यास-२, न्यूरोड, दमौली, तनहुँ
SAMSUNG Himstar
सबै किसिमको इलेक्ट्रोनिक्स सामानहरू बिक्री, मर्मत तथा साटफेरको पनि व्यवस्था रहेको छ ।

हामीकहाँ आधुनिक डिजाइनका गरगहना उत्पादन गर्नुका साथै खरिद बिक्री गर्नु परेमा हामीलाई सम्झनुहोला ।
प्रो. सरिता/रूपसिंह विश्वकर्मा
सजिना सुन चाँदी उद्योग
व्यास-२, सुनचाँदी लाईन, दमौली
मो. ९८४६३४६२००, ९८१५१७५२२३

असोज १ गते शनिबार
१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनुहुन्छ। रोगसँग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस्।
२) पोखरा मणिपाल तथा मेडीप्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउँदै हुनुहुन्छ रोगसंग संबन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस ।
**रोगका लक्षणहरू** : तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइडको भएर गर्भवती भएका महिलाले पनि जाँच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस् । साथै पाठेघरको पानीको जाच (Pap Smear) पनि गरिन्छ।
३) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट डा. रोशन पङ्गेनीद्वारा भिडियो एक्सरे सेवा ।
हाम्रा उपलब्ध सेवाहरू :
१) डा. सुशील बि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनबाट एक्सरे सेवा ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा । आदि
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



दिप इन्टरप्राइजेज्
आँबुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

गौली ट्रेडिङ्ग हाउस
प्रो. ध्रुव महत
व्यास-२, दमौली, तनहुँ (मिनराज कम्प्लेक्स) । ९८१६६०९६२०, ९८०५८१६९५६
**सेवाहरू** : हामी कहाँ स्वदेशी तथा विदेशी सोफा, वेड, दराज, टि.भी., फ्रिज, पङ्खा, टि.भी. र्‍याक, टि-टेबल, डाइनिङ, पलाष्टिक चियर, म्याट्रेस तथा अन्य सम्पूर्ण फर्निचर तथा इलेक्ट्रोनिक्स सम्बन्धी सम्पूर्ण सामान पाइनुका साथै अर्डर अनुसार फर्निचर सामानहरू बनाउने र सोफा तथा अन्य सामानहरू होलसेल मूल्यमा बिक्री पनि गरिन्छ
**पुनश्च** : पुराना सोफा साटफेर गर्नुका साथै घरमै गई कोठाको साइज अनुसार कर्नर सोफा पनि तयार गरिन्छ ।

मित्रता स्वास्थ्य क्लिनिक
MITRATA HEALTH CLINIC
व्यास-३, अनसन चौतारी, दमौली, तनहुँ
फोन : ०६५-५६५६०७, ९८१६१६८४८८, ९८४१४७९०५८
प्रो. चन्द्र बहादुर चौधरी
**हाम्रा सेवाहरू** : दैनिक विरामी जाँच, प्रसुती तथा स्त्रीरोगका विशेषज्ञ सेवा, नेवुलाइजर (बाफ), प्याथोलोजी सेवा (Lab), ड्रेसिङ, प्लाष्टर, परिवार नियोजन परामर्श सेवा, सुरक्षित गर्भ पतन, X-Ray, भिडियो X-Ray, ECG सेवा, माइनर अप्रेसन, फार्मेसी सेवा, साथै अन्य सेवाहरू र उचित परामर्श ।

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईंकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**मेसिनबाट कपडा बुन्दै :** व्यास नगरपालिका–२ सत्यवती लाइनस्थित निरज फेसन गार्मेन्टमा मेसिनबाट स्वेटरका कपडा तयार गरिँदै । उक्त गार्मेन्टमा सिलाइकटाई र कपडा बुन्नेतर्फ गरी ४५ जनाले रोजगार पाएका छन् । *तस्बिर : सानेबहादुर नेपाली/रासस*

# नवौं राष्ट्रिय खेलकुद : खेलस्थल अझै टुंगो लागेन

## मनाङ, मुस्ताङ, लमजुङ र तनहुँमा खेल सञ्चालन नहुने

**कृष्ण दवाडी**/कास्की

गण्डकी प्रदेशमा दोस्रो पटक ३९ वर्षपछि आयोजना हुन लागेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आउन अब एक महिना समय बाँकी छ । प्रदेशको राजधानी पोखरासहित प्रदेशका ११ वटै जिल्लामा असोज २८ देखि कात्तिक ३ गतेसम्मको नवौं अन्तर्गतका खेल खेलाउने योजना यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप)को थियो । सबै जिल्लालाई राष्ट्रिय खेलकुदको अपनत्वका लागि प्रत्येक जिल्लामा कम्तिमा एक खेल खेलाउने योजना रहे पनि खेल पूर्वाधार अभावका कारण सबै जिल्लामा खेलाउन सम्भव देखिएको छैन ।

राखेपले यही भदौ १५ गतेभित्रमा प्रतियोगिता अन्तर्गतका सबै खेलका खेलस्थल टुङ्गो लगाउने जनाएको थियो । प्रतियोगिताको मिति नजिकिँदै जाँदा समेत प्रतियोगितास्थल तय नहुँदा खेलाडी, प्रशिक्षक तथा खेल सङ्घमा अन्योलता छ । कास्की जिल्ला फेन्सिङ संघका अध्यक्ष विजय शाहीले प्रतियोगिताका लागि तयारी सुरू गरे पनि खेलस्थलको टुङ्गो नलाग्दा अन्योल बनाएको बताउनुभयो । आफ्नै तरिकाले हरेक दिन साँझ पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय कभर्ड हलमा अभ्यास गरिए पनि प्रतियोगिता कहाँ हुन्छ भन्ने चिन्ता रहेकाले छिटो यकिन गर्न उहाँले आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "चार/पाँच महिना पहिला फेन्सिङ खेल पर्वतमा गर्ने भन्ने थियो, ठूलो हलका लागि पार्टी प्यालेससम्म खोजी भयो, पछि पोखरा बाहिर अन्यत्र सम्भव छैन भन्ने आयो, तर अझैसम्म पनि कहाँ खेल हुन्छ भन्ने निधो नहुँदा अन्योल बनाएको छ ।" राखेपले प्रतियोगिता तयारीका लागि खेलस्थल व्यवस्थापन उपसमिति गठन गरेको छ । सो समितिले एक महिनाअघिदेखि प्रदेशका अधिकांश जिल्ला पुगेर खेल पूर्वाधारको निरीक्षण गरेको थियो । समितिले निर्धारित समयअगावै खेलस्थलको सिफारिस गरी राखेपमा पठाइसकिएको जनाएको छ।

प्रतियोगिताको खेलस्थल टुङ्गो लागेपछि मात्र सोको स्तरोन्नति, साजसजावट, मर्मतसम्भारलगायतका काम गर्नुपर्ने हुन्छ । कतिपय पूर्वाधारका लागि मर्मतसम्भारका काम बाँकी छन् भने अन्यमा पनि सानोतिनो मर्मतका काम गर्नुपर्ने हुन्छ । राष्ट्रिय खेलकुद परिषद्ले प्रतियोगिताको तयारीका लागि गठन गरेको खेलस्थल व्यवस्थापन समितिले ३६ वटै खेलको खेलस्थल यकिन गरी राखेप सचिवालयमा पठाइसकिएको जनाएको छ । एक/दुई दिनभित्रमै सबै खेलको आयोजनास्थल सार्वजनिक गरिने खेलस्थल व्यवस्थापन उपसमितिका सचिव कृष्ण तिमिल्सिनाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले भदौ १३ गते नै ३६ वटै खेलस्थल निश्चित गरेर पठाइसकेका थियौँ, केन्द्रबाट रोकिएको अवस्था हो, अब केही दिनमै सार्वजनिक गर्ने तयारी छ, कतिपय ठाउँमा पूर्वाधारको स्तरोन्नतिको काम पनि सुरू भएको, खेलस्थल छिटै घोषणा गर्छौं ।" प्रतियोगिताका अधिकांश 'इन्डोर' र 'आउटडोर' खेल पोखरामा केन्द्रित हुने भएपछि इन्डोर खेलका लागि समय मिलाउनुपर्ने हुन्छ। धेरै खेल पोखरा रङ्गशालाको बहुउद्देश्यीय कभर्डहलमा हुनेछन् । कभर्डहलमा पनि बत्ती, उकरण जडान, शौचालय लगायतका मर्मतका काम अहिलेदेखि नै सुरू गर्नुपर्ने हुन्छ । खेलस्थल निश्चित नहुँदा तयारीका काममा समेत ढिलाइ भएको छ ।

समितिले भने पूर्वाधार भएकै ठाउँमा मात्र सिफारिस गरिएकाले नयाँ पूर्वाधार निर्माणको आवश्यकता नरहेको र कतिपयमा मर्मत सम्भारको काम गर्नुपर्ने रहेको जनाइएको छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल खेलाउने गरी यसअघि पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले सिफारिस गरे पनि मनाङ, मुस्ताङ, लमजुङ र तनहुँमा खेल सञ्चालन नहुने भएको छ । ती जिल्लामा खेलकुद पूर्वाधार नभएको र मनाङ, मुस्ताङमा चिसो हुने भएकाले प्रतियोगिता सञ्चालन गर्न कठिनाइ हुने बताइए पनि अन्तिम निर्णय हुन बाँकी छ । लमजुङमा कराँते, तनहुँमा महिला तथा पुरूषको बास्केटबल, मनाङमा बुद्धिचाल र टेबल टेनिस मुस्ताङमा खेलाउने योजना थियो ।

### पूर्वाधारकै समस्या

देशका अन्य प्रदेशको तुलनामा गण्डकीलाई खेलकुद पूर्वाधारका लागि राम्रो मानिन्छ । पोखरा रङ्गशालाभित्र धेरै खेलका पूर्वाधार रहेकाले यसलाई 'स्पोर्टस् कम्प्लेक्स' समेत भन्ने गरिएको छ । नवौंअन्तर्गतका कतिपय खेल खेल पूर्वाधार यहाँ नहुँदा राजधानी काठमाडौं लैजानुपर्ने बाध्यता छ । नवौं राष्ट्रिय खेलकुद अन्तर्गतको पुरुष क्रिकेट अहिले राजधानी काठमाडौंमा जारी छ। नेपाल क्रिकेट संघले आगामी असोज ८ देखि कात्तिक ५ गतेसम्म पहिलो संस्करणको 'नेपाल टी–२० लिग' आयोजना गरेपछि राष्ट्रिय खेलकुदको एक महिनाअगावै क्रिकेट सुरू भएको हो । विसं २०४० मा गण्डकीमा पहिलो पटक राष्ट्रिय खेलकुद हुँदासमेत क्रिकेट पोखरामै आयोजना गरिएको थियो तर अहिले पूर्वाधार नभएकै कारण प्रतियोगिता काठमाडौंमा गर्नुपर्ने बाध्यता छ । क्रिकेटका लागि पोखरामा अभ्यासस्थल भए पनि दुई 'म्याच ग्राउण्ड'को अभावकै कारण बाहिर गर्नुपर्ने बाध्यता भएको बताइन्छ । पोखरा रङ्गशालाभित्र प्रतियोगिता सञ्चालनका लागि एकमात्र क्रिकेट मैदान भए पनि अर्को वैकिल्पक मैदान छैन ।

### बर्सेनि बजेट छुटिन्छ, काम हुँदैन

पोखरामा नवौंका लागि भनेर क्रिकेट मैदान, स्वीमिङ पुल र सुटिङका लागि सरकारबाट बजेट विनियोजन नभएको पनि होइन । बर्सेनि ती शीर्षकमा बजेट छुटिन्छ तर कार्यान्वयन नहुँदा फ्रिज हुने गरेको छ। पोखरा रङ्गशालाभित्र पौडी पोखरी, सुटिङ र क्रिकेटका लागि पूर्वाधार बनाउन जमिनसमेत व्यवस्था गरिएको छ तर कार्यान्वयनको चरणमा जान सकेन । बजेट व्यवस्था हुँदासमेत काम नहुनुमा खेल संघ तथा खेल पदाधिकारीसमेत जिम्मेवार रहेको बताइन्छ । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति, प्रदेश खेलकुद परिषद्लगायतका खेलकुदका सरकारी निकायले पनि अग्रसरता लिनुपर्ने खेलकर्मीको भनाइ छ । नवौंमा पूर्वाधार नभएकाले सुटिङ खेल राजधानीमा खेलाउने तयारी गरिएको छ । यसैगरी स्वीमिङ भने पोखरामै होटलमा सञ्चालनको योजना छ ।

आठौं राष्ट्रिय खेलकुदमा पनि होटलको पौडी पोखरीमा प्रतियोगिता सञ्चालन गरिएको थियो। पोखरामा पूर्वाधार नभएका खेल काठमाडौंमा खेलाउने योजना रहे पनि यहाँका खेल पदाधिकारी तथा खेलाडी सबै खेल गण्डकीमै हुनुपर्ने पक्षमा छन् । "राष्ट्रिय खेलकुदका लागि मुख्य गरी स्वीमिङ र सुटिङको पूर्वाधार हामीसँग छैन, पूर्वाधार नभएका खेल कहाँ खेलाउने भन्ने अन्योल भए पनि यसलाई हामी व्यवस्थापन गर्छौं", खेलस्थल व्यवस्थापन उपसमिति संयोजक राजेश गुरूङले भन्नुभयो । स्वीमिङ लगायतका खेल पूर्वाधार निर्माणका लागि यसअघि समय रहे पनि आवश्यक बजेटको सुनिश्तिता नहुँदा काम सुरू नभएको प्रदेश खेलकुद विकास समितिले जनाएको छ । पोखरा रङ्गशालाभित्र स्वीमिङ र सुटिङका लागि यसअघिका दुई आर्थिक वर्षमा लगातार बजेट विनियोजन गरिए पनि सो पर्याप्त नभएको र थप बजेटका लागि स्रोत सुनिश्चित नहुँदा बोलपत्र आह्वान लगायतका काम नभएको समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो । 'हिटिङ स्वीमिङ पुल'का निर्माण गर्न रू ३५ करोड हाराहारीमा लागत अनुमान तयार गरिएको छ । यसका लागि सरकारले अघिल्लो वर्ष रू पाँच करोड छुट्टाएको थियो । योगीले भन्नुभयो, "विनियोजित बजेट अपर्याप्त रह्यो र थप स्रोतको सुनिश्तिता नहुँदा बोलपत्र आह्वानलगायतका काम अघि बढाउन सकिएन ।"

### खेल सामग्रीको अभाव

नवौंका लागि जिल्लास्तरीय छनोटबाट प्रदेश प्रतियोगिताका लागि खेलाडी छनोट भए । गण्डकी प्रदेश खेलकुद परिषदले यही भदौ १६ देखि १८ गतेसम्म प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना गरी खेलाडी छनोट गरेको छ । यद्यपि अझै पनि प्याराग्लाइडिङ, ट्रायथोलनलगायतका खेलका खेलाडी छनोट बाँकी छ । राष्ट्रिय खेलकुद परिषद्ले सार्वजनिक गरेको समय तालिका अनुसार भदौ २५ भित्रमा सम्बन्धित टोलीले खेलाडी दर्ता गर्नुपर्ने हुन्छ तर गण्डकीमा अझै खेलाडी छनोट बाँकी छ । प्रदेश खेलकुद परिषद्ले आयोजना गरेको प्रतियोगितामा समेत खेलाडी आधारभूत खेल सामग्रीबाट नै बञ्चित हुनुपर्ने अवस्था आएको थियो । ह्याण्डबल लगायतका केही खेलको प्रतिस्पर्धामा एउटै टिमका खेलाडीसमेत फरक/फरक रङ्गको जर्सी लगाएर मैदानमा उत्रिनुपर्ने बाध्यतामा थिए ।

ह्याण्डबलका खेलाडी विशाल नेपालीले खेलाडीलाई आधारभूतत स्तरको पनि खेल सामग्री नभएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "प्रादेशिक छनोटजस्तो महत्वपूर्ण खेल खेल्दासमेत एउटा जर्सी पनि पाइएन, पुरानो लगाएर खेल्न बाध्य बन्यौँ, यसरी हाम्रो मनोबल कसरी बढ्छ?" खेल सामग्री अभावकै कारण एथलेटिक्सका छ इभेण्टको भने प्रतिस्पर्धा भएन । सुटिङमा समेत प्रतियोगिताबिना नै खेलाडी छनोट गरिएका छ । आवश्यक सामानको अभाव नहुँदा एथलेटिक्सको 'हर्डल्स' तर्फको प्रतिस्पर्धा बिनै खेलाडी छनोट गर्नुपरेको एथलेटिक्स सङ्घका केन्द्रीय सदस्य एवं प्रशिक्षक गज गुरूङले बताउनुभयो । उहाँका अनुसार सुरूआतमा सीमित खेलाडी कोटाका कारण समस्या आए पनि त्यसलाई समाधान गरिएको छ । नवौंका लागि एथलेटिक्सका पुरूष २० र महिला १८ खेलाडी छनोट भएका छन् । उहाँले भन्नुभयो, "खेल सामग्री अभावमै पूरै इभेन्ट गर्न पनि सकिएन, म्याराथनको इभेण्ट समेत खेल सामग्री नभएकाले म्याराथन १० किमी हेरेर खेलाडी छान्नुपर्ने अवस्था आयो ।"

फेन्सिङका लागि पनि खेल सामग्री अभाव छ । फेन्सिङ ठूलो हलमा खेलिन्छ । यसमा इलेक्ट्रिक स्कोरिङ हुने भएकाले खेल अवधिभर ठूलो बत्तीको प्रबन्ध हुनुपर्दछ तर अहिले अभ्यास गरेको हलमा बत्तीको समेत प्रबन्ध नभएको फेन्सिङ संघका अध्यक्ष शाहीको गुनासो छ । उहाँका अनुसार फेन्सिङको खेल सामग्री नेपालमा पाइँदैन। विदेशबाट मगाउनुपर्ने हुन्छ तर अहिलेसम्म बजेटको उपलब्ध नभएको शाहीले गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "अभ्यासका लागि हलबाहेक अहिले हामीले सुविधाका नाममा केही पनि पाएका छैनौं, खेलाडी खेल्दै गर्दा घाइते हुँदासमेत रङ्गशालाभित्र प्राथमिक उपचार नपाउने अवस्था छ, आधारभूत आवश्यकताका लागि एक जना खेलाडीलाई रू ३० हजारको खेल सामग्री चाहिन्छ, फेन्सिङका सामग्री नेपालमा किन्न पनि पाइँदैन।" विगतमा ठूला प्रतियोगिता हुँदा राखेपले विदेशबाट किनेर ल्याएर खेल संघलाई दिने गरे पनि अहिले प्राप्त भएको छैन । तरबार (सोड), इलेक्ट्रिक डिभाइस जडित ज्याकेट, पञ्जा, हेलमेट, चेस प्रोटेक्टर लगायतका खेल सामग्रीका लागि रू सात लाख बजेट माग गरिए पनि रू ६० हजार मात्र उपलब्ध हुने जवाफ पाएपछि निरास बन्नुपरेको शाहीले गुनासो गर्नुभयो । रासस

## facebook twitter



**यात्रि**
twitter.com/Trvms11
कुनै पनि कुरामा आफुले मात्र बिश्बास गरेर हुदैन, त्यहि कुरामा अरूलाई पनि बिश्बासमा पार्न सक्नुपर्छ नत्रभने दुई जना बिचको बिचारमा भिन्नता रहन्छ जुन कुरालाई सहमतिमा ल्याउन मुस्किल पर्दछ !!!



**सविन के.सी**
twitter.com/kcsabin2014
मानव जिवनमा पिडा नहुने सायदै कोहि होला ! बस यति फरक हो,कोहि आँसुसंग पीडा साटिदिन्छ! कोही सहजै हासेर पिडालाई टारीदिन्छन! मानव प्रवृत्ति आ–आफ्नै हुनु मानवियताको खुबी न हो! बस : जो हासेरै पीडा भुलिदिने सामर्थ्य राख्छ, उ नै जिन्दगी बुझ्न सफल हुन्छ ।



**यात्री**
twitter.com/db5921
बिहान उदाएको सुर्य बिस्तारै अस्ताउदै छ । सन्ध्या हुँदै रात पर्छ भोलि पुनः यहि प्रक्रिया सुरू हुन्छ । कास यो समय कहाँनेर कहिले कसरी बदल्छ र । समयको चक्र उहीँ हो बदि्लने त हामी मान्छे मात्रै हौ जुन समय बदि्लएको भ्रममा हाम्रो जिन्दगी समाप्त भएको पत्तै पाउदैनौ ॥



**उषा कार्की**
twitter.com/Ushakar45440973
भनाइ नै छ नि, बुझ्नु छ जिन्दगी भने पछाडी हेर्नुस, जिउनु छ जिन्दगी भने अगाडि हेर्नुस, जीवनमा दुईवटा चिजको कहिल्यै अन्त्य हुदैन भगवानको कथा र मान्छेको व्यथा कसैको सुखको कारण बन्नुस भागीदार होइन र दुखमा भागीदार बन्नुस कारण होइन !

# तनहुँमा विविध कार्यक्रम गरी संविधान दिवस मनाइने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा विविध कार्यक्रम गरी संविधान दिवस मनाउने तयारी गरिएको छ । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले संविधान दिवस तीन दिनसम्म मनाउने निर्णय गरेको हो ।



दिवसको अवसरमा असोज २ गते जिल्लास्थित सबै सरकारी, सार्वजनिक कार्यालय एवं सामुदायिक संघसंस्थाहरूले राष्ट्रिय झण्डा एवं व्यानर सजाई कार्यालय परिसर सरसफाई, सोही दिन धार्मिक, सांस्कृतिक सम्पदा स्थलहरूको सरसफाई सहित सौन्दर्यकरण अभिवृद्धि गर्नका लागि सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने, २ र ३ ४ गते सरकारी तथा सार्वजनिक निकायका कार्यालय र सार्वजनिक महत्वका सम्भाव्यस्थलहरूमा दीप प्रज्वलन गर्ने निर्णय भएको छ ।

असोज ३ गते संविधानको महत्वका विषयमा सन्देश तथा कार्यक्रमहरू प्रकाशन प्रशारण गर्न जिल्लास्थित सबै स्थानीय एवं राष्ट्रिय स्तरका सञ्चार माध्यमहरूलाई अनुरोध गर्ने निर्णय भएको छ ।

असोज ३ गते नै बिहान अनसन चौतारामा भेला भई संविधानको महत्व, आवश्यकता एवं यसको कार्यान्वयनको समिक्षा झल्किने प्लेकार्ड सहित जिल्लास्थित सबै सरकारी कार्यालय, राजनीतिक दल, सञ्चारमाध्यम एवं अन्य सरोकारवालाहरूको उपस्थितिमा बजार परिक्रमा गर्ने निर्णय भएको प्रजिअ अर्यालले बताए ।

यस्तै, दशवटै पालिकामा रहेका अस्पताल, वृद्धाश्रम, असहाय केन्द्रमा फलफूल वितरणका लागि सम्बन्धित पालिकालाई अनुरोध गर्ने निर्णय भेलाले गरेको छ ।

# डुम्रे टोलमा भगवान

**भञ्ज्याङ समाचारदाता**/डुम्रे

तनहुँको बन्दिपुर गाउँपालिका–१ डुम्रेबजार स्थित डुम्रे टोल



बिकाश संस्थाको अध्यक्षमा भगवान श्रेष्ठ चयन भएका छन् ।

संस्थाको आइतबार सम्पन्न अधिवेशनले उपाध्यक्षमा शिवकुमार श्रेष्ठ, सचिव शुष्मा पिया, कोषाध्यक्ष मञ्जु जोशी प्रधान चयन भएका छन्।

यस्तै, संस्थाको सदस्यहरूमा तारा पिया, लक्ष्मी बिक, बबिना श्रेष्ठ, पुननारान श्रेष्ठ, चिज कुमार श्रेष्ठ, सुमन श्रेष्ठ र बिजय बानिया चयन भएका छन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४